नेवाः अन्तर्राष्ट्रीय दबू जापान
ネワー国際フォーラム・ジャパン
Newa International Forum Japan
3-28-8 Hamadayama Suginami-ku Tokyo 168-0065 Tel/Fax: 03-3311-6475
E-mail: nifj@hotmail.co.jp, www.newajapan.org

मिति : १२ अगष्ट २००८

# प्रेस बिज्ञप्ति

## १६औं बिश्व आदिवासी दिवस टोक्योमा भब्यताका साथ सम्पन्न

नेवाः अन्तर्राष्ट्रीय फोरम जापान तथा जापान स्थित संङ्घ संस्थाहरु नेपाली आदिवासी संघ जापान, नेपाली सङ्गठन जापान, हातेमालो सोसाईटि, एनआरएन जापान, तमुधीं जापान तथा थकाली सेवा समितिको सह-संयोजनमा टोक्योको जाईका ग्लोबल् प्लाजामा ९ अगष्ट २००८ मा १६औं बिश्व आदिवासी दिवस बिभिन्न कार्यक्रमहरुसहित सम्पन्न भयो।

उक्त कार्यक्रममा भूतपुर्व माननीय सांसद, अधिकारकर्मि तथा नेवाः देः दबूका अध्यक्ष श्री मल्ल के सुन्दरज्युको प्रमुख अतिथि र जापानका लागी नेपाली राजदूत महामहिम डा गणेश योञ्जन तामाङ्गज्यु विशेष अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

जापानस्थित विभिन्न नेपाली संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा "आदिवासि अधिकार" सम्बन्धि कार्यपत्र प्रस्तुत गर्नुहुँदै, पूर्व सांसद मल्लज्युले, "विश्वका उत्तर देखी दक्षिण र पूर्वदेखी पश्चिम आदिकालदेखी बसोबास गरी आएका जनसमुदायलाई राज्यको संरक्षण नभएको, राज्यद्वारा उपेक्षित भएको तथा राज्यको श्रोतमा असमान पहुँच भएकोहुँदा संयुक्त राष्ट्र संङघले विश्व आदिवासी दिवस मनाउन थालेको हो" भन्नुहुँदै नेपालको संदर्भमा हिजो हिन्दु मूल्य मान्यतामा मात्र आधारित संरचनाले आदिवासि जनजाति, दलित तथा अन्य अल्पसंख्यक धर्मावलम्बिहरुलाई उत्पिडनमा पारिएको कुरा प्रकाश गर्नु भयो। १०२ वटा जनसमुदाय रहेको नेपालमा ५९ वटा समुदायको आदिवासी जनजातिहरुको जनसंख्या ३८% भएपनि सो भन्दा न्यून संख्यामा रहेका ब्राम्हणवादि शोच भएका वर्गबाट शासित हुन गएको कारण नेपाली आदिवासी जनजाति तथा दलितहरुलाई अब बन्ने नयाँ संविधानमा "समावेसीय प्रजातन्त्र, जातिय स्वायत्तता र आत्मनिर्णयको अधिकार" बारे सम्बोधन हुनु पर्नेमा जोडदिनु भयो।

विशेष अतिथिको आसन बाट आफ्नो मन्तव्य राख्नुहुँदै महामहिम राजदूत डा तामाङज्युले १६औं बिश्व आदिवासी दिवस ले सबै नेपाली जातजातीहरु विचको एकता, सौहार्दता र भाईचाराको सम्बन्ध यस्तो दिवसले अझ्झ बलियो र दिगो वनाउने विश्वास ब्यक्त गर्दै कार्यक्रमको सफलताको शुभकामना ब्यक्त गर्दै राज्यले सदियौं देखि उत्पिडनमा पारिएका आदिवासि जनजातिको विकाशको लागि उचित सम्बोधन गर्दै न्यायपूर्ण र समानतामा आधारित सम्बृद्ध नेपाल निर्माणमा सबैले योगदान पुर्याउनु पर्ने बताउनु भयो।

मन्तव्य ब्यक्त गर्ने क्रममा, आयोजक एवं सह-संयोजक संस्थाका प्रतिनिधिहरुले पनि आ-आफ्नो बिचार राख्नु भएको थियो। एनआरएन जपानको तर्फबाट विश्व आदिवासी दिवसको सफलताको कामना गर्नु हुँदै अध्यक्ष भवन भट्टज्युले, अफ्रिकामा जन्मेको मानिसले, परिवार बनायो, परिवार बाट समाज बन्यो, समाज द्वारा राज्य बन्यो। त्यसकारण को माथि को तल नभनि हामीले संबैको हितमा काम गर्नु पर्ने आवश्यकता औंल्याउनुभयो।

नेवाः अन्तर्राष्ट्रीय फोरम जापानको तर्फबाट, पूर्व महासचिव सुवन् वज्राचार्यले जापान वासी हामी प्रत्यक नेपालीले एक आपसको भाषा संस्कृतिको पृष्ठभुमि बारे परिचित भई एक आपस प्रति सद्भाव गर्न सके, आदिवासी जनजातिको मात्र नभई जापानवासी हामी सबै नेपालीको शक्तिशालि एकता बन्नेछ र हाम्रो संयुक्त आवाजलाई कसैलेपनि नकार्न नसकिने कुरा ब्यक्त गर्नु भयो।

संयुक्त लोकतान्त्रिक गणतान्त्रिक मंच जापानका प्रतिनिधि शंङ्कर भण्डारीज्यु ले जनजातिको सवालमा आवाज उठाई आइरहेका नेकपा माओवादिको सरकार बनेमा नेपाली जनजाति तथा दलितहरुको उत्थान हुने तर अहिले सरकार बनाउने क्रममा कतिपय पार्टिहरुले नचाहिने बाधाहरु खडागरिरहेको कुरा उल्लेख गर्नु भयो। थकालि सेवा समितिका दीपक गौचनले आदिवासीहरुलाई राज्यले सुविधा दिनुपर्नेमा जोडदिनु भयो।

मन्तव्य पछिको प्रश्नोत्तर कार्यक्रममा रविन शाक्य, सुवन् वज्राचार्य, दिनेश गुरुङ, राजिव श्रेष्ठ को प्रश्नहरुको जवाफ प्रमुख अतिथि र विशेष अतिथिले दिनुभएको थियो। “आदिवासी ज्ञान तथा सीप” सम्बन्धि प्रश्नोत्तरको क्रममा उक्त “ज्ञान तथा सीप” Intellectual Property Rights / Patent कै रुपमा दर्ता गरी आदिवासि ज्ञान तथा सीप सम्बन्धि अधिकार सुरक्षित गर्नुपर्ने आवश्यकतामा पनि जोड दिइएको थियो।

सह-संयोजक संस्था हातेमालो सोसाइटिका पुर्व अध्यक्ष सुकुमान थिं तामाङको संचालन र आयोजक संस्था नेवाः अन्तर्राष्ट्रीय फोरम जपानका महासचिव डा दिनेश मानन्धरको विश्व आदिवासी दिवस परिचयात्मक स्वागत मन्तव्यबाट शुरुभएको उक्त कार्यक्रमको धन्यवाद ज्ञापन फोरमका सल्लाहकार डा रामध्वज श्रेष्ठले गर्नु भएको थियो भने सभाविसर्जन फोरमका अध्यक्ष ज्ञाणु मानन्धरले गर्नु भएको थियो।

सोहि दिन दिउँसो नेवाः अन्तर्राष्ट्रीय फोरम जापानको वार्षिक कार्यक्रम “क्वा:ति पुन्हि” वासेदाको धर्म रेष्टुराँमा “क्वा:ति” खाना भोजको आयोजना गरि मनाइयो। उक्त कार्यक्रममा नेवाः देः दबुका अध्यक्ष मल्ल के सुन्दर ज्यु, महामहिम राजदूतज्यु का धर्मपत्नि लगायत नेपाल राजदुतावासका परिवार सहित धेरै नेपालीहरुको उपस्थिति थियो। ऊक्त कार्यक्रममा प्रमुख अतिथि मल्ल ज्युले “क्वा:ति पुन्हि” को विशेषता बारे प्रकाश पार्नु भयो।

महासचिव
डा दिनेश मानन्धर